# बलियो घर कार्यक्रम

## बलियो घर के हो ?

**बलियो घर कार्यक्रम** नेपालमा २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसका परकम्पहरुबाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई सुरक्षित पुनर्निर्माणका लागि प्राविधिक सहायता उपलब्ध गराउने उद्देश्यका साथ सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम अमेरिकी सहायता नियोग (USAID Nepal) को आर्थिक सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (NSET) ले भूकम्प प्रभावित दोलखा, नुवाकोट र धादिङ जिल्लाहरु तथा केन्द्रमा काठमाडौंमा सञ्चालन गरेको छ । बलियो घर कार्यक्रमको अवधि अक्टोबर २०१५ देखि सेप्टेम्बर २०२० सम्म रहेको छ । नेपाल सरकारको नेतृत्वमा सरोकारवाला विभिन्न संघसंस्था, निकायका साथै प्रभावित व्यक्ति, समुदायको समेत सक्रिय सहभागितामा सम्पन्न हुने पुनर्निर्माणको महाअभियानमा बलियो घर कार्यक्रमले उल्लेख्य योगदान दिनेछ ।

- अमेरिकी सहायता नियोग USAID को आर्थिक सहयोगमा संचालित **बलियो घर कार्यक्रम** भूकम्पपछि आवास पुनर्निर्माणको अभियानमा नेपाल सरकार र यसका निकायसँगको सहकार्यमा आम जनतालाई प्राविधिक सहयोग गर्ने कार्यक्रम हो । यो कार्यक्रमले पुनर्निर्माणको लागि आर्थिक सहायता उपलब्ध गराउँदैन ।
- **बलियो घर कार्यक्रम** घरधनी स्वयंको पहलमा निर्माण हुने घरहरुलाई भूकम्प प्रतिरोधी बनाउने उद्देश्यका साथ व्यापक जागरुकता, तालिम, प्रदर्शन तथा भवन संहिता पालनामा सहयोग जस्ता बहु शिक्षण पद्दतिमा आधारित तालिम तथा अभिमुखीकरणका गतिविधिहरु सञ्चालन गर्दछ ।
- राष्ट्रले अबलम्बन गरेका नीति तथा प्रकृया बमोजिम **बलियो घर कार्यक्रम**ले आफ्नो कार्यक्रम कार्यान्वयन भएका क्षेत्रका सबै घरधुरीलाई समेट्न प्राविधिक सहयोग कार्यक्रम संचालन गर्दछ ।

## लक्ष्य

- अल्पकालीन रुपमा, पुनर्निमाण हुन लागेका सम्पूर्ण आवासहरुलाई भूकम्प प्रतिरोधी बनाउने
- दीर्घकालीन रुपमा, सुरक्षित समुदाय निर्माणको लक्ष्य प्राप्तिका लागि प्रकोप थेग्न सक्ने निर्माण प्रणाली स्थापित गर्ने ।

## कार्यक्रमले के गर्छ ?

यस कार्यक्रमले घरधनीको पहल र स्वामित्वमा हुने सम्पन्न आवास पुनर्निर्माणमा प्राविधिक सहयोग प्रदान गर्दछ । सरकारले थालेको पुनर्निर्माणको अभियानमा आवश्यक परेको खण्डमा सरकारलाई प्राविधिक सल्लाह दिने, सरकारले वितरण गर्ने अनुदान सहायताको प्रकृयालाई गाउँगाउँसम्म पुगेर सघाउने, आवास पुनर्निर्माण प्रकृयामा घरधनीहरुलाई प्राविधिक परामर्श दिने, घर बनाउने डकर्मीहरुलाई तालिम दिने, नयाँ डकर्मीहरु उत्पादन गर्ने, भूकम्प प्रतिरोधी घर निर्माणमा जनचेतना जगाउने काम गर्दछ ।

## कसरी कार्य गर्छ ?

तालिमप्राप्त डकर्मी, ईन्जिनियर तथा अन्य विज्ञहरुमार्फत भूकम्प प्रभावितहरुलाई प्राविधिक सहयोग उपलब्ध हुन्छ । पुनर्निर्माण प्राविधिक केन्द्रको रुपमा बलियो घरले केन्द्रमा एउटा, जिल्लामा ३ वटा र स्थानीय तहमा ६ वटा प्राविधिक केन्द्रहरु स्थापना गरेको छ । यी केन्द्रहरुमार्फत डकर्मीहरुलाई तालिम र परामर्श दिने काम गरिन्छ । साथै कार्यक्रम सञ्चालित गाविस वा नगरपालिकाहरुमा एकजना इन्जिनियर र एक जना सामाजिक परिचालक सम्मिलित ४० वटा मोबाइल टिमहरु परिचालन गरी सबै भूकम्प प्रभावितको घरसम्म पुगेर परामर्श दिने व्यवस्था मिलाइएको छ । पुनर्निर्माणको कार्यमा **बलियो घर कार्यक्रम** एक्लै परिचालन नभई नेपाल सरकारको मार्गनिर्देशनमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणा, पुनर्निर्माणमा संलग्न सबै मन्त्रालय तथा विभाग र अन्य साझेदार संस्थाहरुसँगको समन्वय र सहकार्यमा कार्यसम्पादन गरिरहेको छ ।



## बलियो घरले कहाँ कहाँ काम गर्छ ?

प्रत्यक्ष रुपमा ३ जिल्लामा छनौट गरिएका गाविस (**धादिङका सेर्तुङ, तिप्लिङ, दार्खा, मार्पाक, ज्यामरुङ, कुम्पुर, सेम्जोङ, धुवाकोट, खाल्टे, नलाङ, कल्लेरी गाविस र निलकण्ठ नगरपालिका, नुवाकोटका चतुराली, थानसिङ, महाकाली, थानापति, समुन्द्रादेवी, सिक्रे, लिखु, छाप, तलाखु गाविस र विदुर नगरपालिका, दोलखामा आलम्पु, विगु, चिलंखा, च्यामा, लादुक, लामिडाँडा, बाबरे, मालु, फुले, जफे, भीरकोट, मागापौवा, काटाकुटी गाविस र भिमेश्वर नगरपालिका**) मा यो कार्यक्रम सञ्चालन भइरहेको छ। अप्रत्यक्ष रुपमा भूकम्पबाट अति प्रभावित १४ वटै जिल्लामा समेत सरोकारवाला संस्थाहरुसँगको समन्वयमा प्राविधिक सहयोग पुर्याउने काम गरिरहेको छ। उल्लेखित ३ जिल्लाका अलावा काठमाडौं जिल्लामा पनि यो कार्यक्रम सञ्चालित छ।

## बलियो घरले घर बनाउन पैसा उपलब्ध गराउँछ ?

पुनर्निर्माणको लागि बलियो घरले आर्थिक सहायता नभई प्राविधिक सहयोग मात्रै उपलब्ध गराउने हो । राष्ट्रिय भवन संहिताले निर्देश गरेका मापदण्डमा आधारित रही भूकम्प प्रतिरोधी घर निर्माणका विधि र तरिकाका विषयमा परामर्श, डकर्मी तालिम तथा अभिमूखीकरण तालिम संचालन हुनेछन्।

## तालिमहरू कहाँ र कसरी संचालन हुन्छन् ?

बलियो घरले प्रदान गर्ने तालिमहरु केन्द्रीय, जिल्ला तथा स्थानीय तहमा संचालन हुन्छन्। स्थानीय पुनर्निर्माण प्रविधि केन्द्रमार्फत विभिन्न गाविसहरुमा, जिल्ला पुनर्निर्माण प्रविधि केन्द्रमार्फत जिल्लातहमा र केन्द्रीय पुनर्निर्माण प्रविधि केन्द्रमार्फत केन्द्रमा विभिन्न तालिमहरु संचालन हुन्छन्। भूकम्पका कारण गाउँगाउँका अधिकाँश घर भत्किएकाले सबै ठाउँमा एकैचोटि घर निर्माण गर्न असम्भव जस्तै हुन्छ। पहिलो कुरा त गाउँगाउँमा डकर्मीहरुको अभाव नै छ। भएका डकर्मीहरुमा पनि पर्याप्त सीप र प्रविधिको पूर्ण ज्ञान नहुन सक्छ। त्यसैले भएका डकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने र नयाँ डकर्मीहरु पनि उत्पादन गर्नका लागि दुई चरणका तालिमहरु संचालन हुनेछन्। बलियो घरले एउटा गाविसमा कम्तिमा १५० देखि २०० नयाँ डकर्मीहरु विकास गर्ने योजना बनाएको छ। कार्यक्रम संचालन भएका प्रति जिल्ला २००० का दरले नयाँ डकर्मीहरुको विकास गरिनेछ। डकर्मी तालिम ७ दिनको हुनेछ।

## बलियो घरले आवास निर्माणका लागि डकर्मी पठाउँछ ?

बलियो घरले भूकम्प प्रतिरोधी आवास निर्माणका लागि हाल कार्यरत डकर्मीहरुलाई थप दक्ष बनाउने तथा नयाँ डकर्मीहरुलाई तालिम प्रदान गर्ने काम गर्ने गर्छ। यो कार्यक्रमले आवास निर्माणको क्रममा नियमित परामर्श पनि दिन्छ तर घर बनाउनका लागि डकर्मी पठाउँदैन। स्थानीय तहमा उपलब्ध तालिम प्राप्त डकर्मीको नामावली तयार गरी गाविस तथा नगरपालिकालाई उपलब्ध गराउँछ। यो सूचीबाट घरधनीहरुले तालिमप्राप्त डकर्मी छनोट गर्न सक्दछन्।

## बलियो घरको समन्वय प्रक्रिया कस्तो छ ?

सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक सहयोग संस्थाहरु जस्तैः विश्व बैंक, राष्ट्रसंघीय आवास सम्बन्धी कार्यक्रम, अन्तराष्ट्रिय आप्रवासी संगठन, सेभ द चिल्ड्रेन, मानवताका लागि आवास, केयर, हेल्भेटास जस्ता संस्थाहरुसँग बलियो घरले विद्यमान समन्वय प्रकृया जस्तैः सेल्टर क्लस्टर लगायतका प्रयत्नहरुमार्फत जनता र सरकारी संस्थाहरुलाई प्राविधिक सहयोग गर्ने गरी कार्य अघि बढाएको छ।

## बलियो घर कसरी पुनर्निर्माणमा सहायक सिद्ध हुन्छ ?

आवास पुनर्निर्माणको लागि घरको डिजाइन मापदण्ड, पाठ्यक्रम तथा निर्देशिका बनाउनका लागि बलियो घरले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, शहरी विकास तथा भवन निर्माण विभाग एवं अन्य सरकारी निकायहरुका मार्गनिर्देशन र समन्वयमा काम गरेको छ। विकास भएका तिनै पाठ्यक्रम तथा निर्देशिकामा आधारित रहेर केन्द्रीय तहमा इन्जिनियर, प्रशिक्षक एवं समाजिक परिचालकहरुलाई तालिम दिने तथा जिल्ला र स्थानीय तहमा प्रशिक्षक डकर्मी तालिम, डकर्मी तालिम, प्रशिक्षक प्रशिक्षण, सामाजिक परिचालक तालिम संचालन गर्ने काम भइरहेको छ। यस्तो तालिममा सहभागी हुन युवा, महिला तथा सामाजिक रुपमा विभेद गरिएका समूहलाई प्रोत्साहन गरिनेछ। तालिम प्राप्त इन्जिनियर, डकर्मी तथा सामाजिक परिचालकहरु सम्मिलित घुम्ती (मोबाइल) टोली निर्माण हुन्छ जसले गाउँगाउँ पुगेर घरधनी तथा स्थानीय डकर्मीहरुलाई तालिम प्रदान गर्ने छ। घर निर्माण भइरहेका स्थानमा पुगेर भूकम्प प्रतिरोधी घर निर्माणका लागि निशुल्क परामर्श समेत दिनेछ।


भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)
कार्यविनायक नगरपालिका, वडा नं. २, भैंसेपाटी, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np